# घरेलु हिंसा
## (कसूर र सजाय)
## ऐन, २०६६

नेपाल कानुन आयोग

UNDP
Empowered lives.
Resilient nations.

EMBASSY OF FINLAND
KATHMANDU

EMBASSY OF DENMARK, NEPAL

NORWEGIAN EMBASSY

प्रकाशक : नेपाल कानुन आयोग,
नयाँ बानेश्वर, काठमाडौं, नेपाल

प्रकाशन सहयोगी : कानूनी शासन तथा मानवअधिकार संरक्षण प्रणाली सबलीकरण कार्यक्रम/युएनडीपी
Strengthening the Rule of Law and Human Rights Protection System in Nepal (ROLHR)/UNDP

© नेपाल कानुन आयोगमा सुरक्षित

वितरण : निःशुल्क

प्रकाशन प्रति : ५,०००

संस्करण मिति : दोस्रो, आषाढ २०७४

# घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६

प्रमाणीकरण र प्रकाशन मिति

२०६६।१।१४

१. लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७१

२०७१।०६।१४

२. केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७२
२०७२।११।१३ संवत् २०६६ सालको ऐन नं. १

घरेलु हिंसा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : प्रत्येक व्यक्तिको सुरक्षित र सम्मानजनक तवरले बाँच्न पाउने अधिकारको सम्मान गर्दै घर परिवार भित्र वा घर परिवारसँग गाँसिएर हुने हिंसाजन्य कार्यलाई दण्डनीय बनाई त्यस्तो कार्य नियन्त्रण गर्न तथा घरेलु हिंसाबाट पीडित व्यक्तिलाई संरक्षण गरी न्याय प्रदान गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ को उपधारा (१) बमोजिम संविधान सभाले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गल अको ` अर्थ ´ नलागेमा यस ऐनमा,–

(क) "घरेलु हिंसा" भन्नाले कुनै व्यक्तिले घरेलु

सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनु पर्छ । ✂.........

(ख) "घरेलु सम्बन्ध" भन्नाले बंशज, विवाह वा धर्मपुत्र वा धर्मपुत्री भएको वा संयुक्त परिवारको सदस्य, आश्रित वा कामदारको रुपमा एकै परिवारमा बसेका व्यक्तिहरुका बीचमा भएको सम्बन्ध सम्झनु पर्छ ✍र सो शब्दले सँगै बसेका जोडी वा अंश लिई वा नलिई भिन्न बसेका पति वा पत्नीको सम्बन्ध समेतलाई जनाउँछ ।

(ग) ❑"शारीरिक यातना" भन्नाले कुटपिट गर्ने, गैर कानूनी थुनामा राख्ने, शारीरिक चोट पुऱ्याउने, तेजाव वा यस्तै प्रकारका अन्य पदार्थ छर्किइ वा सो पदार्थले पोली, डामी, दली, घसी जीउमा पीडा गराउने वा अनुहार वा शरीरको कुनै अंग कुरुप पारिदिने वा यस्तै अन्य कुनै काम गर्ने वा गराउने कार्य सम्झनु पर्छ ।

(घ) ❑"मानसिक यातना" भन्नाले शारीरिक यातनाको डर धाक देखाउने वा धम्की दिने, त्रासपूर्ण व्यवहार गर्ने, गालीगलौज गर्ने, झुट्टा

---

✂ लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७१ द्वारा झिकिएको ।

✍ लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७१ द्वारा थप ।

❑ लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७१ द्वारा संशोधित ।

बात लगाउने, घरबाट निकाला गर्ने, वैचारिक, धार्मिक, साँस्कृतिक, प्रथा, परम्पराका आधारमा भेदभाव गर्ने, रुप, रंग, शारीरिक बनावट तथा कुनै रोग लागेको आधारमा अपमानित गर्ने, मानसिक सन्तुलन गुमाउने, आत्महत्या गर्न दुरुत्साहन दिने वा आत्महत्या गर्ने परिस्थिति खडा गर्ने हदसम्मको कार्य सम्झनु पर्छ र सो शब्दले मानसिक तथा भावनात्मक चोट पुग्न सक्ने अन्य कुनै काम समेतलाई जनाउँछ ।

(ङ) "यौनजन्य यातना" भन्नाले यौनजन्य प्रकृतिको दुर्व्यवहार, अपमान, हतोत्साह वा आत्मसम्मानमा चोट पुऱ्याउने वा सुरक्षित यौन स्वास्थ्यमा आघात पुग्ने कुनै पनि कार्य सम्झनु पर्छ ।

(च) "आर्थिक यातना" भन्नाले सगोल वा निजी सम्पत्तिको प्रयोग गर्न वा रोजगारी वा आर्थिक स्रोत र साधनको पहदुँच वा प्रयोगमा वञ्चित गर्ने कार्य सम्झनु पर्छ ✍ र सो शब्दले महिलाको हकमा दाइजो माग गर्ने, दाइजो ल्याउन दबाव दिने वा दाइजो नल्याएको कारणबाट गरिने घृणा, हेला वा तिरस्कार समेतलाई जनाउँछ ।

(छ) "पीडित" भन्नाले पीडकसँग घरेलु सम्बन्ध भै निजद्वारा गरिएको घरेलु हिंसाबाट पीडित भनी दाबी गर्ने व्यक्ति सम्झनु पर्छ ।

(ज) "पीडक" भन्नाले पीडितसँग घरेलु सम्बन्ध भै

✍ लैङ्गिक समानता कार्यम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७१ द्वारा थप ।

निज विरुद्ध घरेलु हिंसा गरेको भनी पीडितले दाबी गरेको व्यक्ति सम्झनु पर्छ र सो शब्दले घरेलु हिंसा गर्ने कार्यमा संलग्न रहेको अन्य व्यक्ति वा मतियारलाई समेत जनाउँछ ।

(झ) "प्रहरी कार्यालय" भन्नाले पीडित बसोबास गरेको, पीडक रहेको वा घटनास्थलको नजिकको प्रहरी कार्यालय सम्झनु पर्छ र सो शब्दले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको बालबालिका वा महिला सेल वा प्रहरी चौकी वा उपचौकी समेतलाई जनाउँछ ।

(ञ) *d*"स्थानीय तह" भन्नाले पीडित बसोबास गरेको वा पीडक रहेको वा घटना भएको *d*गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ र सो शब्दले नगरपालिकाको वडा समिति समेतलाई जनाउँछ ।

(ट) "अदालत" भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अदालत सम्झनु पर्छ । V

✍(ट१) "उजूरी" भन्नाले दफा ४ वा ५ बमोजिम दिइने उजूरी सम्झनु पर्छ र सो शब्दले दफा ५क. बमाजिम दिइने जाहे`री दरखास्त समेतलाई जनाउँछ ।

d केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७२ द्वारा संशोधित । (नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको मितिदेखि लागू हुने)

V मिति २०६६।४।२६ को नेपाल राजपत्रमा प्रकाशित सूचनाले सम्बन्धित जिल्ला अदालतलाई अदालत तोकेका ।

✍ लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७१ द्वारा थप ।

(ठ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. घरेलु हिंसा गर्न गराउन नहुने : (१) कसलै पनि घे रेलु हिंसा गर्न गराउन वा सो कुराको उद्योग गर्न वा घरेलु हिंसाका निमित्त कसैलाई दुरुत्साहन गर्न हुँदैन ।

(२) कसैले उपदफा (१) विपरीतका काये गरेमा यस ऐन अन्तर्गतको कसूर गरेको मानिनेछ ।

४. उजूरी गर्ने : (१) घरेलु हिंसा भएको, भैरहेको वा हुन लागको थाहा पाउने जुनसुकै व्यक्तिले सोसम्बन्धी विवरण खुलाई प्रहरी कायालय वा राष्ट्रिय महिला आयोग वा dस्थानीय तह समक्ष लिखित वा मौखिक उजूरी दिन सक्नछे ।

(२) उपदफा (१) बमोजिमको उजूरी लिखित रुपमा प्राप्त भएकोमा तुरुन्त र मौखिक रुपमा प्राप्त भएकोमा सो सम्बन्धी आवश्यक विवरण लखी ले खाई उजूरीकताका सहीछाप गे राइ दर्ता गर्नु पनेर्छ ।

(३) राष्ट्रिय महिला आयोगमा दर्ता भएको उजूरीको सम्बन्धमा राष्ट्रिय महिला आयोग सम्बन्धी प्रचलित कानून बमोजिम आवश्यक कारबाही हुनछे ।

(४) प्रहरी कायालयमा उर्जू री दता र्भएकामा प्रहे री कार्यालयले बाटोका म्याद बाहे क चौबीस घण्टाभित्र पीडकलाई झिकाई र अटेर गरे पक्राउ गरी तुरुन्त बयान गराउनु पर्नेछ ।

(५) *d*स्थानीय तहमा उजूरी दता भएर्कोमा

*d* केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७२ द्वारा संशोधित । (नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको मितिदेखि लागु हुने)

बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र पीडकलाई झिकाई तथा अटेर गरेमा प्रहरीको सहयोग लिई पक्राउ गरी तुरुन्त बयान गराउनु पर्नेछ ।

(६) घरेलु हिंसाको कारण पीडितलाई कुनै शारीरिक चोटे पटक वा मानसिक यातना पुगेको देखिएमा तत्काल उपचारका लागि नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पठाइ निजको उपचो र र घा जाँच गराउनु पर्नेछ । *d*स्थानीय तहले गराएको घा जाँच प्रतिवेदनको एक प्रति प्रहरी कार्यालयमा पठाउन पर्नेछ ।

(७)❑ उजूरीको प्रारम्भिक रुपमा छानबिन गर्दा पीडित र निजसँग आश्रित व्यक्तिलाइ सु रक्षा प्रदान गर्न आवश्यक देखिएमा प्रहरी कार्यालयको सहयाग लिइर् तत्काल सुरक्षाको व्यवस्था मिलाउनु पर्नछ ।

(८) उपदफा (४) वा (५) बमोजिमको बयान समतबाट घे रेलु हिंसा भएको देखिएमा र पीडितले चाहेमा प्रहरी कायालयर् र स्थानीय निकायले उजूरी परेको मितिले तीस दिनभित्र दुवै पक्ष बीच मलमिलाप गे राइदिनु पर्नेछ ✍तर दफा ५क. बमाजिम पे रेका जाहे रे ीको सम्बन्धमा प्रचलित कानून बमोजिम हुनेछ ।

(९) उपदफा (८) बमाजिम मे लमिलाप` गराउँदा आवश्यकता अनुसार उपलब्ध भएसम्म मनोचिकित्सक, समाजशास्त्री, समाजसेवी, पीडितले पत्याएका पों रवारको सदस्य र अन्य साक्षी समेतको सहयोग

---

❑ लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७१ द्वारा संशोधित ।

✍ लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७१ द्वारा थप ।

लिन सकिनेछ । यसरी मेलमिलाप गराउँदा पीडितलाई पर्न सक्ने मनोवैज्ञानिक तथा सामाजिक प्रभाव र गोपनीयताको अधिकार समेतलाई ध्यानमा राख्नु पर्नेछ ।

(१०) प्रहरी कार्यालय वा स्थानीय निकायले उजूरीको कारबाही र किनारा गर्दा पीडकलाई तारेखमा राखी गर्नु पनर्छे ।

(११) उपदफा (४) वा (५) बमोजिम झिकाउँदा पीडक उपस्थित नभएमा वा उपस्थित गराउन नसकिएमा वा पक्षहरु बीच मेलमिलाप हुन नसकेमा प्रहरी कायालय वा dस्थानीय तहले उजूरीकर्ताको सहमति भएमा उपदफा (८) बमोजिमका म्याद समाप्त भएको` मितिले पन्ध्र दिनभित्र सोही व्यहारे । उल्लेख गरी उजूरी र सोसँग सम्बन्धित मिसिल कागज र प्रमाण अदालत समक्ष पठाइदिनु पनर्छे ।

(१२) उपदफा (५) र (७) बमोजिम सहयोग उपलब्ध गराउनु प्रहरी कार्यालयको कर्तव्य हुनेछ ।

५. <u>अदालतले कारबाही गन</u> : (१) दफा ४ को उपदफा (११)` बमोजिम उजूरी प्राप्त भएमा अदालतले सोही उजूरीको

आधारमा यस ऐन बमोजिम कारबाही र किनारा गर्नु पनर्छे।

(२) दफा ४ मा जुनसुकै कुरा लेखिएको भए तापनि पीडितले चाहेमा सोझै अदालतमा उजूरी दिन सक्नेछ।

✍ ५क. जाहेरी दिन सक्ने : (१) दफा ४ र ५ मा जुनसुकै कुरा लेखिएको भए तापनि अङ्ग भङ्ग गरेको वा तेजाव वा यस्तै

---

*d* केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७२ द्वारा संशोधित। (नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको मितिदेखि लागु हुने)

✍ लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७१ थप।

प्रकारका अन्य पदार्थ छर्किइ वा सो पदार्थले पोली, डामी, दली, घसी जीउमा पीडा गराउने वा अनुहार वा शरीरको कुनै अंग कुरुप पारिदिने गरी भएको शारीरिक यातना वा यौनजन्य यातना सम्बन्धी घरेलु हिंसाको कसूर भएको, भइरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले प्रचलित कानून बमोजिम नजिकको प्रहरी कार्यालयमा जाहेरी दरखास्त दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम जाहेरी दरखास्त परेकोमा प्रहरी कायालयर्ले अनुसन्धान तहकिकात गर्ने र मुद्दा दायर गर्ने सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

६. अन्तरिम संरक्षणात्मक आदेश जारी गर्न सक्ने : (१) उजूरीको प्रारम्भिक छानबिनबाट पीडितलाई तत्काल संरक्षण दिन आवश्यक देखिएमा अदालतले उजूरीको अन्तिम निर्णय नभएसम्मको लागि पीडकका नाममा देहाय बमाजिम गर्ने आदेश दिन सक्नेछ :-

(क) पीडितलाई निज बसी आएको घरमा बसोबास गर्न दिन, खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न,

(ख) पीडितलाई शारीरिक वा मानसिक चोट पुगेको भएमा उचित उपचार गराउन वा उपचारका लागि उपयुक्त रकम दिन,

(ग) पीडक र पीडितलाई एकै ठाउँमा बसोबास गर्न उपयुक्त हुने नदेखिएमा पीडकलाई अलग बस्ने व्यवस्था गर्न तथा त्यसरी अलग बस्दा पीडितको भरणपोषणको लागि आवश्यक व्यवस्था गर्न,

(घ) गाली बइज्जती गर्ने, धम्की दिने वा असभ्य व्यवहार गर्ने काम नगर्न वा नगराउन,

(ङ) पीडित छुट्टै बसेको ठाउँमा वा बाटोघाटोमा वा कार्यालयमा गई वा कुनै किसिमको सञ्चार माध्यमद्वारा वा अन्य कुनै प्रकारले दुःख दिने वा सताउने कार्य नगर्न,

(च) पीडितको हित र सुरक्षाको निमित्त अन्य आवश्यक र उपयुक्त कुरा गर्न गराउन ।

(२) उजूरीको प्रारम्भिक छानबिनबाट पीडितको अतिरिक्त निजका नाबालक सन्तान वा निजसँग आश्रित कुनै व्यक्तिलाई उपदफा (१) बमोजिमको कुनै संरक्षण दिन आवश्यक देखिएमा अदालतले सो उपदफा बमोजिमको कुनै आदेश दिन सक्नेछ ।

✍ ६क. <u>कानून व्यवसायी राख्न सक्ने</u> : यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दाको कारबाहीको सिलसिलामा पीडितले चाहेमा अन्य कानून व्यवसायी राख्न सक्नेछ ।

७. <u>बन्द इजलासमा सुनुवाई गर्ने</u> : (१) पीडितले अनुरोधगरेमा यस ऐन अन्तर्गतका उजूरी सम्बन्धी कारबाही र सुनुवाई अदालतले बन्द इजलासमा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको बन्द इजलासमा कारबाही र सुनुवाइ हुँदा मुद्दाका पक्ष, विपक्ष, निजहरुका कानून व्यवसायी र अदालतले अनुमति दिएका व्यक्ति मात्र त्यस्तो इजलासमा प्रवेश गर्न सक्नेछन् ।

८. <u>संक्षिप्त कार्यविधि अपनाउनु पर्ने</u> : यस ऐन बमोजिमको मुद्दाको कारबाही र किनारा गदा संक्षिप्त कार्य विधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

---

✍ लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७१ द्वारा थप ।

❑ ९. <u>उपचारको रकम पीडकले व्यहोर्ने</u> : (१) घरेलु हिंसाबाट पीडित व्यक्तिलाई दफा ४ को उपदफा (६) बमोजिम तत्काल उपचार गराउँदा लागेको खर्च पीडकले व्यहोर्नु पर्नेछ र कुनै कारणले पीडकले त्यस्तो खर्च तत्काल उपलब्ध गराउन नसक्ने भएमा सम्बन्धित महिला तथा बालबालिका कार्यालयले तत्काल त्यस्तो खर्च उपलब्ध गराई सो कार्यालयले त्यस्तो रकम पीडकबाट असूल गर्नु वा गराउनु पर्नेछ ।

(२) घरेलु हिंसाबाट पीडित व्यक्ति मानसिक वा शारीरिक रुपमा अशक्त भएको कारणले अस्पतालमा उपचार गराउनु परेमा उपचार गराउँदा लागेको सम्पूर्ण खर्च पीडकले व्यहोर्नं पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कारणले पीडकले त्यस्तो खर्च तत्काल उपलब्ध गराउन नसक्ने भएमा अदालतले सम्बन्धित महिला तथा बालबालिका कार्यालय वा दफा ११ बमोजिमको सेवा केन्द्रबाट पीडितले त्यस्तो उपचार रकम पाउने गरी आदेश गर्न सक्नेछ र त्यसरी उपलब्ध गराइएका रकम सो कार्यालयले पीडकबाट सरकारी बाँकी सरह असुल गर्नु वा गराउनु पर्नेछ ।

१०. क्षतिपूर्ति दिलाइ दिने : पीडित व्यक्तिलाई घरेलु हिंसाको प्रकृति, मात्रा, पीडितलाई पुगेको पीडा र पीडक तथा पीडितको आर्थिक तथा सामाजिक हैसियत समेतलाई विचार गरी अदालतले पीडकबाट मनासिब माफिकको क्षतिपूर्ति भराइदिन सक्नेछ ।

११. सेवा केन्द्र : (१) पीडितलाई तत्काल सुरक्षा प्रदान गर्न तथा उपचारको क्रममा अलग्गै बस्ने व्यवस्थाको लागि नेपाल

❑ लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७१ संशोधित ।

सरकारले आवश्यकता अनुसार सेवा केन्द्रको स्थापना गर्न सक्नेछ ।

(२) कुनै संस्थाले तोकिए बमोजिम स्वीकृति लिई उपदफा (१) को उद्देश्यको लागि सेवा केन्द्र स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सञ्चालन भएको केन्द्रलाई दफा १२ बमोजिमको कोषबाट आर्थिक तथा अन्य सहयोग प्रदान गर्न सकिनेछ ।

(४) सेवा केन्द्रले आवश्यकता अनुसार पीडितलाई कानूनी सहायता, मनोविमर्श सेवा, मनोवैज्ञानिक सेवा र आर्थिक सहायता उपलब्ध गराउन सक्नेछ ।

(५) सेवा केन्द्रको व्यवस्थापन, सञ्चालन तथा अनुगमन सम्बन्धी व्यवस्था तोकिए बमाजिम हुने छ ।

१२. सेवा कोष : (१) दफा ११ का उपदफा (१) बमो जिम स्थापना भएका सेवा केन्द्र सञ्चालन गर्नको लागि नेपाल सरकारल एक से वा कोष स्थापना गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहनेछन् :- (क)

नेपाल सरकारबाट प्राप्त रकम,

(ख) कुनै स्वदेशी वा विदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ग) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) सेवा कोषको व्यवस्थापन र सञ्चालन तोकिए बमोजिम हुनेछ ।

✍ १२क. संरक्षण अधिकृत नियुक्ति गर्न वा तोक्न सक्ने : (१) घरेलु हिंसा नियन्त्रण गर्न तथा घरेलु हिंसाबाट पीडित व्यक्तिलाई

संरक्षण गर्न महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले प्रत्येक जिल्लामा उपलब्ध भएसम्म महिला कर्मचारीलाई संरक्षण अधिकृत नियुक्ति गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सें रक्षण अधिकृत नियुक्ति नभएसम्म उपलब्धताका आधो रमा महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले यो दफा प्रारम्भ भएको दुई महिनाभित्र कुनै महिला अधिकृत कर्मचारीलाई संरक्षण अधिकृतका रुपमा काम गने गें री तोक्नेछ ।

(३) सरं क्षण अधिकृतको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनछे ।

✍ १२ख. निःशुल्क कानूनी सहायता उपलब्ध गराउने : नेपाल सरकारले घरेलु हिंसाबाट पीडित व्यक्तिलाई निजको अनुरोधमा जिल्ला कानूनी सहायता समिति माफत निःशुल्क कानूनी सहायता उपलब्ध गराउनेछ ।

✍ १२ग. नेपाल सरकार वादी हुने : दफा ५क. मा उल्लिखित मुद्दा नेपाल सरकार वादी भई चल्नेछ र त्यस्तो मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा समावेश भएको मानिनेछ ।

१३. सजाय : ❑(१) कसैले अङ्ग भङ्ग गरेको वा तेजाव वा

---

✍ लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७१ द्वारा थप ।

✍ लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७१ द्वारा थप ।

❑ लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७१ द्वारा संशोधित ।

यस्तै प्रकारका अन्य पदार्थ छर्किइ वा सो पदार्थले पोली, डामी, दली, घसी जीउमा पीडा गराउने वा अनुहार वा शरीरको कुनै अङ्ग कुरुप पारिदिने गरी भएको शारीरिक यातना वा यौनजन्य याताना सम्बन्धी घरेलु हिंसाको कसूर गरेमा त्यस्तो व्यक्तिलाई एक लाख रुपैयाँदेखि तीन लाख रुपैयाँसम्म जरिवाना र एक वर्षदेखि आठ वर्षसम्म कैद हुनेछ ।

✍(१क) कसैले उपदफा (१) मा लेखिए देखि बाहेकको अन्य घरेलु हिंसा गरेमा त्यस्तो व्यक्तिलाई तीन हजार रुपैयाँदेखि पच्चीस हजार रुपयाँसम्म जौरवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

(२) घरेलु हिंसाको उद्योग वा दुरुत्साहन गर्ने वा मतियार हुनेलाइ मुख्य कर्सू रदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

(३) घरेलु हिंसाको कसूरमा सजाय पाइसकेको व्यक्तिले पुनः सोही कसूर गरेमा पटकैपिच्छे दोब्बर सजाय हुनेछ ।

(४) सार्वजनिक जवाफदेहीको पदमा बहाल रहेको ❑आफ्नो पत्नी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, नाबालक वा गर्भवती महिला विरुद्धयस ऐन बमोजिमको कसूर गरेमा निजलाई थप दश प्रतिशत सजाय हुनेछ ।

(५) कसैले दफा ६ बमोजिम अदालतबाट दिएको आदेश पालन नगरेमा त्यस्तो व्यक्तिलाई दुई हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिबाना वा चार महिनासम्म कदै वा दुवै सजाय हुनेछ ।

१४. <u>हदम्याद</u> : यस ऐन बमोजिमको कसूरमा भए गरेको मितिले नब्बे दिनभित्र उजूरी दिनु पर्नेछ ।

१५. <u>प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने</u> : यस ऐन बमोजिम कसूर मानिने कुनै काम कारबाहीमा अन्य प्रचलित कानून बमोजिम पनि सजाय हुने रहेछ भने त्यस्तो कानून बमोजिम मुद्दा चलाउन तथा कारबाही गर्न यस ऐनले कुनै बाधा पुऱ्याएको मानिने छैन ।

१६. <u>प्रचलित कानून बमोजिम हुने</u> : यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

१७. <u>नियम बनाउने अधिकार</u> : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।